जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक २०४ २०७८ साल चैत १ गते मंगलबार (15 Mar. 2022 Tuesday) मूल्य रु. ५/-

कोभिडबाट सचेत रहौं

- कोरोना संक्रमणको जोखिम अझै कायम छ।
- यसले कुनै पनि बेला महामारीको रूप लिन सक्दछ।
- तत्काल कोरोना विरुद्धको खोप लिऔं।
- जमघट तथा भीडभाडमा जाँदा स्वास्थ्य सुरक्षा अपनाऔं।
- अनिवार्य रूपमा स्वास्थ्य मापदण्डको पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : जलवायु परिवर्तनः अधिकांश... ३ पृष्ठमा : दरबन्दीभन्दा बढी ... ३ पृष्ठमा : युक्रेनमा रहेका चिनियाँहरुलाई...

## लोसपाद्वारा म्याद सकिएपछि थपिएका मतदाताको नाम हटाउन माग गर्दै उजुरी



**दैनिक समाचारदाता**
**राजविराज, ३० फागुन ।**

लोकतान्त्रिक समाजवादी पार्टी नेपाल सप्तरीले म्याद सकिएपछि थपिएका ८४ जना मतदाताको नाम हटाउन माग गर्दै सोमबार जिल्ला प्रशासन कार्यालय सप्तरीमा उजुरी दिएको छ ।

लोसपाका जिल्ला अध्यक्ष सुनिलकुमार झाको नेतृत्वमा गएको एक टोलीले मतदाता नामावलीमा नाम समावेश गर्ने समय बितिसक्दा पनि मतदाताको नाम समावेश गरेको भन्दै प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमलाई उजुरी पत्र बुझाइएको हो ।

बैशाख ३० गते हुने स्थानिय तह निर्वाचनका लागि गत माघ २४ गते नै मतदाता परिचयपत्रका लागि आवश्यक विवरण लिने काम बन्द भइसकेकोमा माघ २७ र २८ गते राजविराज नगरपालिका वडा नं. ६ का केही व्यक्तिहरुको निजि घरमा गई फोटो खिच्ने काम र मतदाता सूचीमा समावेश गर्ने काम समेत भएको बुझाइएको उजुरी पत्रमा उल्लेख छ ।

उजुरी पत्रमा म्याद सकिएपछि थप गरिएका ८४ जनाको नामावली समेत समावेश गरिएको लोसपाका केन्द्रिय सदस्य शैलेश चौधरीले जानकारी दिए ।

पार्टीका जिल्ला अध्यक्ष झाद्वारा बुझाइएको उजुरीमा म्याद सकिएपछि फोटो खिचिएका केही व्यक्तिको नाम निर्वाचन कार्यालयको आधिकारीक वेवसाइटमा समेत फेला परेको दाबीका साथ ती नामहरु हटाउन माग गरिएको छ । त्यस्तै उक्त कार्यमा संलग्न जनप्रतिनिधि र कर्मचारीमाथी कारवाहीको माग समेत गरिएको छ ।

उजुरी पत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी गौतमले आवश्यक छानबिन गरि दोषिमाथी कारवाही गरिने जानकारी दिएका छन् ।

उजुरी पत्र बुझाउन जिल्ला समनवय समितिका प्रमुख प्रभाकर यादव, लोसपा केन्द्रिय सदस्य दिपेन्द्र चौधरी, बिनोद यादव, अमरनाथ मण्डल, जिल्ला सदस्य शशि चौधरी लगायत पार्टीका नेताहरु समेत जिल्ला प्रशासन कार्यालय पुगेका थिए ।

यसैबीच जिल्ला निर्वाचन अधिकारी रमेश जोशीसँग सम्पर्क गर्दा आफू कार्यालय बाहिर रहेको बताउँदै कार्यालय आएपछि बास्तविकता बुझेर आवश्यक कारवाही प्रक्रिया अघि बढाउने प्रतिबद्धता व्यक्त गरे ।

## दुई बर्ष कैद सजाय भएका फरार प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ३० फागुन ।**

बिगो भरी भराउ मुद्दामा दुई वर्ष कैद सजाय पाएका एक फरार प्रतिवादी पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा सप्तरीको बोदेबरसाईन नगरपालिका वडा न. ८ बस्ने ५२ वर्षिय जिवछ प्रसाद यादव रहेका छन् ।

मनोज कुमार साहको जाहेरीले पर्सा जिल्ला अदालतको च.नं.७५९ मिति २०७८ असोज १८ गतेको पत्र आदेशानुसार ईलाका प्रहरी कार्यालय कडरबोना सप्तरीबाट खटी गएको प्रहरी टोलीले खोजतलासका क्रममा सोमबार उनलाई पक्राउ गरिएको

*बाँकी तीन पृष्ठमा*

## अनुगमनका क्रममा पानीदेखी मःम सम्म नष्ट

**दैनिक समाचारदाता**
**राजविराज, ३० फागुन ।**

संयुक्त बजार अनुगमन टोलीले राजविराज नगरपालिका क्षेत्रका विभिन्न होटल, उद्योग, किराना पसलबाट बिक्रि बितरणका लागि राखिएका अयोग्य बस्तु तथा खाद्य पदार्थ सोमबार नियन्त्रणमा लिइ नष्ट गरेको छ ।

अनुगमनका क्रममा सिल नभएका अरहम अक्वा कम्पनीका पानीको जार, एक हप्तादेखी फ्रिजमा राखिएको मःम, म्याद गुज्रिएको काजु, बदाम, म्याद गुज्रेका खाने तेल, खाद्य सामाग्रि, चिसो पेय पदार्थ लगायतका सामाग्रिहरु जफत गरि तत्कालै नष्ट गरिएको छ ।



बासी र सडेगलेका सरसामान बिक्रि बितरण गर्ने पसल, उद्योग र होटलहरुलाई जरिवाना तथा सचेत गराइएको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय राजविराजका प्रमुख सुरेश सिंहले जानकारी दिएका छन् ।

डिभिजन प्रमुख सिंहले अखाद्य बस्तुको बिक्रि बितरण गर्नेलाई कानुन बमोजिम कारवाही गर्ने र पहिलो पटक चेतावनीसहित सम्झाएर छाडिएको बताए ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय राजविराजका प्रमुख सुरेश सिंह, जिल्ला प्रशासन कार्यालयका शाखा अधिकृत संजयकुमार राम, राष्ट्रिय उपभोक्ता मञ्चका जिल्ला अध्यक्ष

*बाँकी तीन पृष्ठमा*



## सम्पादकीय ....

# हावाहुरी महिनामा सचेत रहौं

सप्तरीमा हरेक वर्ष आगलागिका घटनाहरु हुने गरेका छन्। विगतका वर्षहरुमा भएका घटनाहरुलाई मध्यनजर गर्दै न्युनिकरणको प्रयास अझै सफल हुन सकेको छैन्। आइतबार जिल्लाको अग्निसाइर कृष्णासवरण गाउँपालिकास्थित टेगरी गाउँमा भएको भिषण आगलागिले लाखौंको धनमाल जलेर नष्ट भएको छ। सो आगलागि रुखको पातबाट अचानक सल्केर भएको प्रहरीको प्रतिवेदनले जनाएको छ। पातहरुमा कसरी आगो लाग्यो भन्ने कुराप्रति गम्भिर हुनु आवश्यक छ। कसैले चुरोट खाएर वा कसैले सलाई बालेर वा विद्युतीय कारणले वा खेलखेलमा बालबालिकाहरुले सलाई कोरेर फ्यालेर आगो लागेको हो की शंका गर्ने पर्याप्त बाटो रहेको छ।

यस्ता घटनाले मानिसहरुमा अझ जनचेतना आएको देखिदैन। अचानक आगो लाग्नु भनेको कसैको हेलचक्राई पनि हुन सक्छ। यदी त्यसको हो भने जनचेतना जगाउनु अति आवश्यक छ। यसका लागि स्थानिय स्तरबाटै जनचेतना आवश्यक छ। फागुन महिनादेखी जेठ महिनासम्म हावाहुरी चल्ने महिना हो। यस महिनामा प्राय फुस र काठका घर भएकाहरुले अत्यन्त चनाखो हुनु पर्दछ। बिहानै सबेरै र साँझ ढिलो गरि खाना पकाउने काम गर्नुपर्छ। बालबालिकाहरुलाई प्रज्ववलनशिल बस्तु सलाई, लाइटरबाट सचेत गराउनु पर्छ। विद्युत प्रवाह हुने तारहरुमा बारम्बार ध्यान पुऱ्याउनु पर्छ।

तसर्थ सानो त्रृटीले ठूलो घटना हुनबाट जोगाउन सबै सतर्क हुनु आवश्यक छ। त्यसका लागि स्थानिय तहको समन्वयमा दुर्घटना न्युनिकरणका लागि सचेतना फैलाउनु आवश्यक छ भने स्थानीयवासी हावाहुरी चल्ने महिनामा आफै पनि सचेत हुनु त्यतीकै जरुरी छ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

**डा. सुशील मोहन दास**

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# जलवायु परिवर्तनः अधिकांश जलविद्युत् आयोजनामा बज्यो खतराको घण्टी

काठमाडौँ, ३० फागुन (रासस)।

गत असारको अविरल वर्षाले दोर्दी करिडोर र सेती नदीमा भीषण बाढी आयो। निर्माणमा रहेका अधिकांश जलविद्युत् आयोजनामा नराम्रो असर पऱ्यो। मेलम्चीमा आएको बाढीले राष्ट्रिय गौरवको परियोजनाको रूपमा रहेको मेलम्ची खानेपानी आयोजनामा पनि समस्या पऱ्यो।

केही वर्ष पहिले भोटेकोसी नदीमा आएको बाढीका कारण भोटेकोसी जलविद्युत् आयोजना झण्डै चार वर्षसम्म बन्द हुनपुग्यो। गत असारको बाढीले ऊर्जा क्षेत्रमा मात्रै झण्डै रु तीन अर्ब बराबरको क्षति पुऱ्यायो। पछिल्ला तीन वर्षमा मात्रै बाढीपहिरोका कारण ऊर्जा क्षेत्रमा रु छ अर्ब बराबरको नोक्सानी भएको थियो। गत भदौमा तामाकोसी नदीको माथिल्लो जलाधार चीनको स्वशासित क्षेत्र तिब्बत्मा भीषण वर्षा हुँदा माथिल्लो तामाकोसीको जलाशयको पानी घटाएर आयोजना सुरक्षित बनाइएको थियो।

जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रका हिमनदी पग्लने क्रममा वृद्धि भएको छ। त्यस्तै गत असारको वर्षाले मनाङ, बाजुरा, बझाङलगायत हिमाली क्षेत्रमा पनि अत्याधिक वर्षा भयो। पानीको सहत घटाउन च्छो रोल्पा हिमतालमा सरकार र गैरसरकारी क्षेत्रबाट राम्रै प्रयास भएको छ। भोटेकोसीको माथिल्लो जलाधार क्षेत्रमा मात्रै साना ठूला गरी तीन दर्जन बढी हिमताल छन्।

सोलुखुम्बु क्षेत्रमा पनि अनेकन हिमनदी र हिमताल देखिन थालेका छन्। विश्वव्यापी रूपमा तापक्रममा वृद्धि हुँदै जाँदा हिमनदी र हिमनदीको आकार बढ्दै गएको छ। त्यसबाट तल्लो तटीय क्षेत्रमा जोखिम बढ्दै गएको छ। हालै मात्र मुस्ताङमा हिमपहिरो बग्दा दर्जनौं भेडा र भेडीगोठ बगायो।

केही वर्ष पहिलो कास्कीको सेती नदीमा अकस्मात बाढी आउँदा ठूलो जनधनको क्षति भएको थियो। नेपालका अधिकांश खोला तथा नदी उत्तरबाट दक्षिणतर्फ बग्ने र ठाडो प्रकृतिका छन्। तापमानमा भएको वृद्धिका कारण नदीमा पानीको सतह बढ्दै गएको छ। यसबाट नदीमा निर्माण भएका जलविद्युत् आयोजनामा जोखिम बढाएको छ।

विदेशी लगानीको खिम्ती र भोटेकोसी जलविद्युत् आयोजनाका काम गरेका ऊर्जा उद्यमी सन्दिप शाहका अनुसार सन् १९९० मा ती आयोजना निर्माण भएपछि भूउपग्रहको तथ्याङ्कका आधारमा अध्ययन गर्दा चिनियाँ भूभागमा साना ठूला गरी ४० का हाराहारीमा हिमनदी रहेको पाइएको थियो। ती नदीमा सन् १९३० र १९८१ मा समेत ठूलो बाढी आएको विवरणलाई पनि अध्ययन गरेर भोटेकोसी जलविद्युत् आयोजना निर्माण गरिएको उहाँको भनाइ छ।

गत असारमा निर्माण हुन लागेको ४४ मेगावाट क्षमताको सुपरमादी जलविद्युत् आयोजनामा मात्रै रु एक अर्ब बराबरको क्षति भएको थियो। बाढीपहिरोको जोखिम बढ्दै गएपछि त्यसको निरुपणका लागि कसरी अगाडि बढ्ने र पूर्वतयारी कसरी गर्ने भन्ने बारेमा छलफल गर्न जानकार तथा विज्ञहरू सोमबार भेला भएका थिए।

'जलविद्युत् परियोजनामा बाढी एवं पूर्वसूचना प्रणालीको व्यवस्था तथा स्थानीय निकायसँगको सहकार्य' विषयक अन्तर्क्रियामा सहभागीले जोखिम न्यूनीकरणका लागि जलविद्युत् आयोजनाको निर्माण सुरु गर्नुभन्दा पहिल्यैदेखि तयारी गर्नुपर्नेमा जोड दिए।

उनीहरूले कार्बन उत्सर्जनका कारण विश्वव्यापी रूपमा जलवायु परिवर्तनको असर हिमाली क्षेत्रमा बढी देखिएको भन्दै सरकारी तथा गैरसरकारी निकाय एवं स्थानीय सरोकार भएका सबै निकायको साझा प्रयत्नले मात्रै जोखिमको न्यूनीकरण गर्न सकिने बताए। नेपाल विद्युत् प्राधिकरणले निर्माण गरेका केही आयोजनामा मौसम पूर्वसूचना प्रणाली जडान भए पनि निजी क्षेत्रले निर्माण गरेका र निर्माणमा जाने तयारीमा रहेका आयोजनामा त्यस्तो प्रणाली राखिएको छैन। प्राधिकरणका उपकार्यकारी निर्देशक रामजी भण्डारीका अनुसार मर्स्याङ्दी र तामाकोसीमा 'गेज स्टेशन' राखिएको छ। त्यसबाट जोखिमको पूर्वतयारी एवं नदीको पूर्वसूचना प्राप्त हुने गरेको उहाँको भनाइ छ।

सरकारले प्राकृतिक विपद् र जोखिम न्यूनीकरणका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण नै स्थापना गरेर आफ्नो काम गरिरहेको छ। प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलका अनुसार पछिल्लो २० वर्षमा बाढीको प्रकृतिमा बदलाब आएको छ। जोखिमको मात्रामा वृद्धि भएको छ। गत कात्तिकमा परेको बेमौसमी वर्षाका कारण झण्डै रु १२ अर्ब बराबरको क्षति हुनाले पनि वर्षाको प्रवृत्तिमा बदलाव आएको देखिएको जानकारी दिँदै उहाँ नदीमा निर्माण हुने भौतिक पूर्वाधारको सुरक्षाका लागि साझा सहकार्यको आवश्यकता औल्याउनुहुन्छ।

विपद्को पूर्वसूचना आदानप्रदान गर्न नेपाल र चीन सरकारबीच नौ बुँदे समझदारीपत्रमा हस्ताक्षर भइसकेको छ। प्राधिकरणले बाढीपहिरो, आगलागी एवं नदीको जोखिमका बारेमासमेत अध्ययन गरिरहेको र जल तथा मौसम विभागसँग पनि सहकार्य गरिररहेको प्रमुख कार्यकारी अधिकृत पोखरेलको भनाइ छ।

पूर्वमन्त्री गणेश शाहका विचारमा डोजर नभइकन विकास नै हुँदैन भन्ने मान्यताका कारण बाढीपहिरोको जोखिम बढेको भन्दै त्यसमा सुधार गर्नुपर्ने धारणा व्यक्त गर्नुहुन्छ। पानी विज्ञानको विषयमा सरोकार भएका सबै निकायले मिहिन तरिकाले अध्ययन गर्नुपर्ने र जोखिम न्यूनीकरणका लागि साझा प्रयास गर्नुपर्ने उहाँ बताउनुहुन्छ।

विज्ञान तथा प्रविधिको उचित प्रयोग गरेर ज्ञानको हस्तान्तरण एवं स्थानीयकरण गरेर पानीमा लगानी गर्नुपर्ने पूर्वमन्त्री शाहको भनाइ छ। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका पूर्वप्रमुख रामप्रसाद धितालका अनुसार बाढीपहिरोबाट कसरी जोगिने भन्ने विषयमा ध्यान दिँदा त्यसबाट बढ्ने लागतको हिस्सा बाँडफाँडमा समेत जोड दिनुपर्ने हुन्छ।

नदीमा जोखिम बढेको र त्यसले समग्र क्षेत्रमा असर पर्ने भएकाले जोखिम न्यूनीकरणका

*बाँकी तीन पृष्ठमा*


## आइगलग्गी सँ बचबाक लेल स्थानीय विपद जोखिम न्यूनिकरण समितिके सर्वसाधारणमें अनुरोध

असावधानी के कारण हरेक बर्ष सप्तरी जिला मे आइगलग्गी सँ जान आ माल के क्षति भ रहल छैक। आइगलग्गी सँ असामयीक मृत्यु सेहो भ सकैत अछि, तैं आइगलग्गी के रोकथाम के लेल निम्न उपाय सब अपनाउ आ आइगलग्गी सँ बचु आ बचाऊ।

- गाम घर मे घुर के कारण बेसी आइगलग्गी होयत छैक, तैं अनावश्यक घुर नै करु, घुर के आइग के नीक जकाँ मिझा क/बुता क सुतु आ घुर सँ आइग नहि लागय तै प्रति सब गोटे सजग आ सतर्क रहु।
- चुल्हाक आइग नीक सँ मिझाउ/बुताउ, चुल्हा पर खाना बनबैत काल पाईन चुल्हा के लग मे जरुर राखल करु।
- बौवा बुच्चीके आइग सँ दूर राखु।
- हवा बसात के समय मे आइग नै पजारु। सकभर भोरे खाना बनाउ आ हवा बसात कम भेलाक बादे खाना बनाउ।
- बिडी, सिगरेट पी क जथाभावी नै फेकु।
- चुल्हाके आइग बारी मे रहल छाउरक ढेरी पर मिझा क/बुता क मात्रै फेकल करु।
- बच्चा, वृद्ध, अपाङ्ग, गर्भवति आ सुत्केरी महिला सभ आइगक चपेट मे जल्दी पइर सकैत अछि तैं हिनका सबके आइगलग्गी सँ बचयबाक लेल सब गोटे सतर्क रही।
- जौं कतौ आइगलग्गी भ जाय त खाली हाथ नै जाक कमसेकम बाल्टिन या घैला मे पाइन ल क दौरु आ अविलम्ब आइग मिझाब/बुताब मे एक दोसर के सहयोग करु।
- जौं कतौ आइगलग्गी भ जाय त बारुणयन्त्र के तुरन्त खबर करु।
- भोर के ९ बजे तक खाना पकाक चुल्हा के आइगकै नीक जकाँ मिझाउ/बुताउ।
- खाना पकाब काल खर पातके प्रयोग केला पर आइगलग्गी भ सकैय तै के लेल पूरे सावधानी अपनाउ आ चुल्हाके नजदिक मे एक गोटे अनिवार्य रहल करी।
- दुपहरके समयमे हावा बेसी चलैके कारण भोर ९ बजे के बाद चुल्हा नै पजारु।
- घरके नजदिक मे थ्रेसर सञ्चालन नै क के घरसँ दूर या खेतमे सञ्चालन करु।
- सलाई, लाइटर, मट्टितेल लगायतके अन्य पेट्रोलियम पदार्थ बालबच्चा के पहुँच सँ दूर राखल जाउ।
- घरमे एक बाल्टीन पाइन २४से घण्टा राखल करी
- गोहालीमे घुर पजारैतकाल सावधानी अपनाउ।
- घरके कोनो सहज ठाममे २/४ बोरा बालु राखु जैस कहिँ कतौ आइगलग्गी भेला पर मिझाब मे/बुताब मे सहयोग हेतै।
- घर आ गोहालीमे लगायल टाट के नीक जकाँ माइट सँ दुनु दिस लेवा लगाउ।
- आइग सँ हुअ बाला जोखिम आ धनजनके क्षति के बारेमे परिवारके सदस्य सबके जानकारी कराक सजग आ सतर्कता अपनाउ।
- गाम घरमे बारुणयन्त्र आब बाला रस्ता बाट खुल्ला राखु आ बारुणयन्त्रके पोखइर सँ पाइन भर मे आ आइगलग्गी नियन्त्रण करबा मे सहयोग करी
- गामके पोखइरमे पाइन सञ्चित क के राखु।
- कहीँ कतौ आइगलग्गी भेला पर नजदिकके प्रहरी चौकी या जिल्ला प्रहरी कार्यालयके कन्ट्रोलके नम्बर ९८५२८९०२७० या १०० नम्बरमे जानकारी कराउ।
- ककरो जान या सम्पत्तिमे आइग लगेनाई अपराध छियै तैं एहेन काममे सहभागी नै होउ।

**अनुरोधकर्ता**

**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**

# दरबन्दीभन्दा बढी कर्मचारीलाई तलब भत्ता दिन सकिन्न : स्वास्थ्य मन्त्रालय

काठमाडौं, ३० फागुन (रासस)। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले दरबन्दीभन्दा बढी कर्मचारीलाई तलब भत्ता दिन नसकिने जनाएको छ। मन्त्रालयले आइतबार सातै प्रदेश र ७५३ स्थानीय तहलाई परिपत्र गर्दै दरबन्दी बाहिरका कर्मचारीलाई थप तलब भत्ता दिन नसकिने प्रस्ट पारेको हो।

मन्त्रालयले दरबन्दी यकिन गरेर मात्र रिक्त दरबन्दीमा सहमति दिन पनि सबै प्रदेश तथा स्थानीय तहलाई आग्रह गरेको छ। कर्मचारी समायोजन मिलानसम्बन्धी मापदण्ड २०७७ तथा स्वास्थ्य सेवाका कर्मचारीको समायोजन मिलानसम्बन्धी व्यवस्था २०७७ बमोजिम सम्बन्धित तहहरूको दोहोरो सहमतिका आधारमा मन्त्रालयबाट स्वास्थ्य सेवाका कर्मचारीको समायोजन मिलान भइरहेको मन्त्रालयले विज्ञप्तिमा उल्लेख गरेको छ।

दोहोरो सहमतिअनुसार समायोजन मिलान भएका कर्मचारीलाई केही प्रदेश, स्थानीय तहहरूले दरबन्दी रिक्त नभएका कारण हाजिर गराउन नसकिने भनी फिर्तासमेत गर्ने गरेको पाइएको मन्त्रालयले जनाएको छ। केही प्रदेश, स्थानीय तहहरूले स्वीकृत दरबन्दीभन्दा बढी कर्मचारीलाई सहमति दिई थप तलबभत्ता मागसमेत गर्दै आएको पाइएकाले रिक्त दरबन्दीमा मात्रै सहमति दिन आग्रह गरिएको छ।

“मन्त्रालयबाट दरबन्दीभन्दा बढी कर्मचारीलाई तलब भत्ता व्यवस्था नगरिने हुँदा तहाँ कार्यालयले सहमति दिँदा दरबन्दी यकिन गरेर मात्रै सहमति दिन र अन्यथा सम्बन्धित तह नै जिम्मेवार हुने मन्त्रालयको सचिवस्तरीय निर्णयअनुसार अनुरोध गरिन्छ”, विज्ञप्तिमा भनिएको छ। सोधानन्तर घाटा बढेको र अर्थतन्त्र चौपट अवस्थामा रहेकाले यसलाई उकास्न सरकार र निजी क्षेत्रको सहकार्य जरुरी भएको उल्लेख गर्नुभयो।

### *जलवायु परिवर्तनः ...*

कारण सम्बद्ध पक्षको समान हिस्सेदारी रहने गरी काम गर्नुपर्ने आवश्यकता उहाँ औंल्याउनुहुन्छ। ऊर्जा उद्यमी डा सुवर्णदास श्रेष्ठका अनुसार बाढीपहिरोको जोखिम कम गर्न माथिल्लो तटमा व्यापक मात्रामा वृक्षरोपण गर्नुपर्ने, बाढीको पूर्वसूचना प्रणाली प्रभावकारी बनाउनुपर्ने र जोखिम सहनसक्ने खालको संरचना निर्माण गर्नुपर्ने बताउनुहुन्छ।

सूचना प्रणालीको महत्व बढ्दै गएकाले त्यसमा ध्यान दिन ऊर्जा उद्यमीलाई जल तथा मौसम विभागका महानिर्देशक कमलराज जोशी आग्रह गर्नुहुन्छ । दक्षिण एशियामा नै नेपालको बाढीसम्बन्धी पूर्वजानकारी दिने प्रणाली अब्बल रहेको एवं मौसम पूर्वानुमानमा पनि आशातित सफलता हासिल गरेको उहाँको भनाइ छ।

ऊर्जा उद्यमी, विभाग एवं अन्य सरोकारवाला निकायको साझा प्रयासबाट मात्रै जोखिम कम गर्न सकिने भएकाले जलविद्युत् आयोजनाले आफ्नो जलाधार क्षेत्रमा मौसम पूर्वानुमान प्रणाली जडान गर्न आग्रह महानिर्देशक जोशी सबै क्षेत्रको समन्वयमा एकीकृत तथ्याङ्क प्राप्त हुँदा मात्रै हरेक विपद्को पूर्वानुमान गर्न सकिने भएकाले त्यसमा ध्यान दिन आग्रह गर्नुहुन्छ।

इलामको माईजोगमाई गाउँपालिकाका अध्यक्ष जीतबहादुर राई र इलाम नगरपालिकाका प्रमुख महेश बस्नेतले जोखिम न्यूनीकरणका लागि स्थानीय सरकारले अवलम्बन गरेको नीति तथा कार्यक्रमका बारेमा जानकारी गराउनुभएको सो कार्यक्रममा सीमापार भएर बग्ने वा हिमनदीसमेत जोडिएका नदीमा जलवायु परिवर्तनका कारण परेको असर कारण जोखिम बढेकाले त्यसबाट जोगिन तत्काल साझा प्रयास गर्नुपर्नेमा सम्बद्ध सबै पक्षको समान धारणा थियो।

### *दुई बर्ष कैद ...*

प्रहरीले जनाएको छ।

अदालतले बिगो बापत २ बर्ष कैद सजाय तोकेको थियो। तर, अदालतको आदेशपश्चात् उनी फरार भएका थिए।

उनलाई प्रहरीले जिल्लाको सुरुङगा नगरपालिका वडा न.६ स्थितमा लुकीछीपी हिडी रहेको अवस्थामा फेला पारी पक्राउ गरी सोमबारै पर्सा जिल्ला अदालत बिरगंज पठाईएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

### *अनुगमनका क्रममा ...*

राजकुमार गुप्ता, नागरिक न्यायीक उपभोक्ता मञ्चका जिल्ला अध्यक्ष रामकुमार यादव, उद्योग बाणिज्य संघका उपाध्यक्ष रमेश साह, घरेलु तथा साना उद्योग कार्यालयका कार्यालय सहायक गनु चौधरी तथा संचारकर्मी लगायतका अनुगमन टोलीमा सहभागि थिए।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ भी भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता
राजगढ गाउँपालिका, सप्तरी



**डा. आदर्श कुमार सिंह**
**Dr. Adarsh Kumar Singh**
MBBS, MD TU
NMC Reg. No. : 9413
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
**Phone :** 031-533774 / **Mo. No** : 9819721526, 9852820734


## विश्व समाचार

### युक्रेनमा रहेका चिनियाँहरुलाई स्वदेश फर्काइँदै

बेइजिङ, ३० फागुन (रासस/सिन्ह्वा)।

युक्रेनमा रहेका आफ्ना नागरिकलाई चीनले हवाईजहानबाट उद्धार गरेर स्वदेश फर्काइरहेको छ।

चीनले आफ्ना नागरिकलाई स्वदेश फर्काइरहेको क्रममा सोमबार मात्र पनि बिहान एक जहाज युक्रेनबाट चीनको उत्तरपूर्वी चीनको डालियान विमानस्थलमा आइपुगेको बताइएको छ।

सो जहाज स्थानीय समयानुसार सोमबार बिहान ८ः५० मा सो चीनको डालियान विमानस्थलमा अवतरण गरेको समाचारमा जनाइएको छ।

चीन सरकारका अनुसार यसअघि पनि युक्रेनबाट १२ वटा जहाजमा आफ्ना नागरिक चीन ल्याइसकिएको छ।

युक्रेनमा थप चिनियाँहरु रहेका र उनीहरुलाई उद्धार गरी ल्याइने चिनियाँ अधिकारीहरुले जानकारी दिएका छन्।

युक्रेनमा दुई हप्ता अघिदेखि रुसले आक्रमण गरिरहेको छ। रुसले उसको शब्दमा युक्रेनमा विशेष सैनिक कारबाही गरिरहेको छ। जसका कारण यहाँको जनजीवन अस्तव्यस्त भएको छ। युक्रेनमा रहेका आफ्ना नागरिकलाई पश्चिमा देशहरुले पनि फिर्ता लगिसकेको जनाएका छन्। रुसले युक्रेनमाथिको हमला अझै नरोकेकाले यहाँका नागरिकले दिन प्रतिदिन असुरक्षित महसुस गरिरहेका छन्

### किभमा अवस्थित आवासीय भवनमा हमला कम्तीमा दुई मृत्यु

किभ, ३० फागुन (रासस/एएफपी)।

युक्रेनको राजधानी किभमा अवस्थित एक आवासीय भवनमा भएको हवाई आक्रमणमा परी कम्तीमा दुई जनाको मृत्यु भएको छ । यस आक्रमणमा परी अन्य १२ जना घाइते भएका देशको आपतकालीन सेवाले सोमबार जनाएको छ।

स्थानीय समयानुसार सोमबार बिहान ७ः३० बजे दुई जनाको शव नौ तले अपार्टमेन्ट भवनमा फेला परेको छ। अन्य तीन जनालाई अस्पतालमा भर्ना गरिएको जनाइएको छ। नौ जनाको घटनास्थलमा उपचार गरिएको आपतकालीन सेवाले फेसबुकमा बताइएको छ। भवन किभको ओबोलोनमा रहेको जनाइएको छ।

रुसले युक्रेनमा गत फेब्रुअरी २४ बाट आक्रमण शुरु गरेको थियो। सो समयदेखि हालसम्म भएका आक्रमणहरुमा परी सयौं नागरिकको मृत्यु भएको छ। यसमा बालबालिका समेत रहेका छन्।

युक्रेनमा जारी रहेको आक्रमणको कारण २५ लाख भन्दा बढी सर्वसाधारण शरणार्थीको रुप छिमेकी देशमा पुग्न बाध्य भएका छन्।

### रासायनिक कारखानामा आगलागी हुँदा सातजनाको मृत्यु

होहोट (चीन), ३० फागुन (रासस-एएनआई)।

चीनको भित्री मङ्गोलिया स्वायत्त क्षेत्रको एक रासायनिक कारखानामा आगलागी हुँदा सातजनाको मृत्यु भएको छ।

बाओटो शहरको होन्डलोन जिल्लामा रहेको कारखानामा सोमबार बिहान करिब २ः०८ बजे भएको आगलागी करिब एक घन्टापछि नियन्त्रणमा लिइएको सिन्ह्वाले जनाएको छ। आगलागीको कारणबारे अनुसन्धान भइरहेको बताइएको छ।

### प्रधानमन्त्री मोदीद्वारा पूर्वराष्ट्रपति ओबामाको स्वास्थ्य लाभको कामना

नयाँदिल्ली (भारत), ३० फागुन (रासस-एएनआई)।

प्रधानमन्त्री नरेन्द्र मोदीले सोमबार पूर्वअमेरिकी राष्ट्रपति बाराक ओबामाको स्वास्थ्यलाभको कामना गर्नुभएको छ। पूर्वराष्ट्रपति ओबामा आइतबार कोभिड-१९ सङ्क्रमित हुनुभएको हो। उहाँको घाँटीमा सामान्य सङ्क्रमण देखिए पनि अन्य स्वास्थ्य अवस्था भने सामान्य छ।

प्रधानमन्त्री मोदीले ट्विटरमार्फत ओबामाको शीघ्र स्वास्थ्यलाभका निम्ति शुभकामना व्यक्त गर्नुभएको हो। पूर्वराष्ट्रपति ओबामाले आइतबार गरिएको स्वास्थ्य परीक्षणमा आफू कोभिड सङ्क्रमित देखिएको तर आफ्नी पत्नी मिशेल ओबामा भने सङ्क्रमित नदेखिएको ट्विटरमार्फत सार्वजनिक गर्नुभएको छ।

### अमेरिकाले ‘विकृत सूचना’ फैलायो : चीन

बेइजिङ, ३० फागुन (रासस-एएफपी)।

बेइजिङले सोमबार रोममा दुई देशका राजदूतहरू बीचको वार्ताअघि युक्रेन युद्धमा चीनको भूमिकाका बारेमा वाशिङ्टनले ‘विकृत सूचना’ फैलाएको आरोप लगाएको छ।

विदेश मन्त्रालयका प्रवक्ता झाओ लिजियानले भने, “अमेरिकाले युक्रेन मुद्दामा चीनलाई लक्षित गरी गलत सूचना फैलाउँदै आएको छ।”




मदरसा विधेयक विरुद्धमा सोमबार जिल्ला प्रशासन कार्यालय सप्तरीमा ज्ञापन पत्र बुझाउनु पूर्व विश्व हिन्दु परिषद्को अगुवाईमा बिरोध र्‍याली प्रदर्शन गर्दै । *तस्बिर : राजविराज दैनिक*

# निर्माण व्यवसायी महासंघको अध्यक्षमा पुनः सिंह

काठमाडौँ, ३० फागुन (रासस) ।

नेपाल निर्माण व्यवसायी महासङ्घको अध्यक्षमा रवि सिंह दोस्रो कार्यकालका लागि निर्वाचित हुनुभएको छ ।

महासङ्घको १२औँ महाधिवेशनबाट तीन वर्षे कार्यकालका लागि उहाँ पुन : निर्वाचित हुनुभएको हो । सिंहले ७६५ मत प्राप्त गर्नुभयो । उहाँका निकटतम् प्रतिद्वन्द्वी निकोलस पाण्डेले ३३७ मत प्राप्त गर्नुभयो । वरिष्ठ उपाध्यक्षमा आङदोर्जी लामा (एडी) निर्वाचित हुनुभएको छ ।

यसैगरी एसोसियट उपाध्यक्षमा रामजी पन्त, प्रदेश नं १ बाट मोहनप्रसाद अधिकारी, मधेश प्रदेशबाट शम्भु ठाकुर, बागमतीबाट बालकृष्ण थापा, गण्डकीबाट खेमराज मल्ल र लुम्बिनी प्रदेश उपाध्यक्षमा टोपबहादुर रायमाझी निर्वाचित हुनुभएको छ ।

कर्णाली र सुदूरपश्चिम प्रदेश उपाध्यक्षमा क्रमश : रत्नबहादुर खड्का र प्रकाशबहादुर सेठी यसअघि नै निर्विरोध हुनुभएको महासङ्घका प्रेस सल्लाहकार निर्मल अर्यालले राससलाई जानकारी दिनुभयो ।

महासचिवमा रोशन दाहाल दोस्रो कार्यकालका लागि निर्वाचित हुनुभएको छ । उपमहासचिव (नीतिगत)तर्फ शिवहरि घिमिरे र उपमहासचिव (आन्तरिक) तर्फ नरहरि थपलिया निर्वाचित हुनुभएको छ । यसैगरी कोषाध्यक्ष र सह-कोषाध्यक्षमा क्रमश : निरान श्रेष्ठ र सन्तोष साह निर्वाचित हुनुभएको छ । निर्वाचनमा एक हजार १८५ मत खसेको थियो ।

# निलम्बित प्रधान न्यायाधीशविरुद्ध महाअभियोग पारित गर्न माग

काठमाडौँ, ३० फागुन (रासस) ।

मानव अधिकार तथा शान्ति समाजले निलम्बित प्रधान न्यायधीश चोलेन्द्रशम्शेर राणाविरुद्ध संसद्मा दर्ता भएको महाअभियोग प्रस्ताव पारित गरी कानुनी कारबाही अघि बढाउन माग गरेको छ ।

समाजको चौबिसौँ बैठकले यस्तो माग गरेको अध्यक्ष गोविन्द खनालले सोमबार जारी गर्नुभएको वक्तव्यमा उल्लेख छ । कपिलवस्तुको वाणगङ्गामा फागुन २७ र २८ गते सम्पन्न बैठकमा विभिन्न जिल्लाबाट आएका २०० भन्दा बढी अधिकारकर्मी सहभागी थिए ।

'बैठकले गुणस्तरीय स्वास्थ्य सेवा र वैज्ञानिक शिक्षा : सबैको अधिकार' भन्ने आह्वानसहित आठ वटा प्रस्ताव पारित गरेको उहाँले जानकारी दिनुभयो । न्यायालय शुद्धिकरणका लागि विशेष पहल थाल्न आग्रहसहित निलम्बित प्रधान न्यायाधीश राणाविरुद्ध संसद्मा दर्ता भएको महाभियोगको प्रस्ताव पारित गरी निजलाई पदच्युत गर्न र अनेकौँ अनियमिततामा संलग्न भएकाले छानबिन गरी कानुनी कारबाही गर्नसमेत बैठकले माग गरेको थियो ।

बैठकले रुसलाई तत्काल सेना फिर्ता गरी युद्ध रोक्न र युक्रेनी जनता तथा युक्रेनमा रहेका सबै मानिसको जीवन रक्षाका लागि योगदान गर्न आह्वान गरेको थियो । एक निष्पक्ष संस्थाको रूपमा शान्ति समाजको केन्द्रीय कार्यसमिति र जिल्ला कार्यसमितिका पदाधिकारी तथा सदस्यको विभिन्न निकायमा संलग्नताको सीमा सम्बन्धमा पनि बैठकले प्रस्ताव पारित गरेको थियो ।

फागुन २८ गते बिहान साङ्केतिक रूपमा वाणगङ्गा नदीमा सफाइ कार्यक्रमसहित बैठक समापन गरिएको थियो । यसै सेरोफेरोमा रक्तदान, शान्ति र्‍याली, शान्ति दीप प्रज्वलनसहित आधादर्जन कार्यक्रम आयोजना गरिएको जनाइएको छ । कार्यक्रमको सबै खर्च कपिलवस्तु शाखाले स्थानीयस्तरमा सङ्कलन गरी व्यहोरेको थियो ।

# ज्येष्ठ नागरिक ऐन ओझेलमा

काठमाडौँ, ३० फागुन (रासस) ।

ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को कार्यान्वयनमा बेवास्था हुन थालेको छ । ऐनमा उल्लेख भएअनुसार सार्वजनिक सवारी साधनमा सम्बन्धित सवारी धनी तथा चालकले ज्येष्ठ नागरिकका लागि कम्तीमा दुईवाट सिट सुरक्षित राख्नुपर्ने र भाडादरमा ५० प्रतिशत छुट दिनुपर्ने व्यवस्था गरेपनि त्यसको कार्यान्वयनमा चासो नदिएको गुनासो बढेको छ ।

ऐन कार्यान्वयनमा आएको सात वर्षपछि सरकारले 'सार्वजनिक सवारी साधनमा ज्येष्ठ नागरिकलाई छुट र सुविधा दिने सम्बन्धी कार्यविधि,२०७०' मा पचास प्रतिशत छुटलाई कार्यान्वयनमा ल्याउन, सरकारले तोकेको स्वास्थ्य संस्थामा उपचारमा लाग्ने शुल्कमा ५० प्रतिशत छूट दिनुपर्ने व्यवस्था गरिए पनि त्यसको कार्यान्वयन हुनसकेको छैन ।

ऐनमा सार्वजनिक सवारीसाधन, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिकस्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग उपलब्ध गराउन गराउनु सबैको कर्तव्य हुनेछ भनिएको छ । संविधानको धारा ४१ को ज्येष्ठ नागरिकको हकमा 'ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ' भनिएको छ । राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घका अध्यक्ष मदनदास श्रेष्ठले ऐनमा व्यवस्था भएको अधिकार नै कार्यान्वयन नभएकाले सरकारले नै पहल गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले ज्येष्ठ नागरिकलाई भाडामा छुट दिनुपर्ने भएकोले गाडीमा चडाउन र भाडा छुट दिन आनाकानी गर्ने गरेकोसमेत गुनसो गर्नुभयो । ज्येष्ठ नागरिकहरूले परिचयपत्रको आधारमा सार्वजनिक यातायातामा र सरकारी अस्पताल (स्वास्थ्य उपचारमा)मा ५० प्रतिशत छुट दिने व्यवस्थालाई व्यवहारिक रुपमै कार्यान्वयनमा ल्याइनुपर्ने माग गर्दै आएका छन् ।

विगत ५/६ वर्षदेखि ७७ वटै जिल्लामा रहेका महिला बालबालिका कार्यालयबाट ज्येष्ठ नागरिक परिचयपत्र वितरण हुँदै आएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्राललयले जनाएको छ । सरकारले ७० वर्ष पुगेका ज्येष्ठ नागरिकलाई मात्र वृद्ध भत्ता दिने गरेकाले ६० वर्षदेखि नै दिनुपर्ने मागसमेत जेष्ठ नागरिएकको छ ।

# नेपालसहित १४ सांसदविरुद्धको मुद्दामा आगामी चैत २० गते सुनुवाइ

काठमाडौँ, ३० फागुन (रासस) ।

सर्वोच्च अदालतमा नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालसहित १४ सांसदविरुद्धको मुद्दाको अन्तिम सुनुवाइ आगामी चैत २० गते हुने भएको छ ।न्यायाधीशद्वय ईश्वरप्रसाद खतिवडा र कुमार चुडालको संयुक्त इजलासले आइतबार उक्त मुद्दाको सुनुवाइ आगामी चैत २० गतेदेखि गर्ने निर्णय गरेको हो ।

आदेशमा भनिएको छ, "यसमा लिखित जवाफ परिसकेको देखिएकाले र निवेदकबाट उठाइएका संवैधानिक तथा कानूनी प्रश्नहरूको निरुपण छिटोछरितो रूपमा पूर्ण सुनुवाइको सन्दर्भमा हुनु मनासिव देखिएको हुँदा मिति २०७८/१२/२० गते आइतबार पेसी तोकी पूर्ण सुनुवाइका लागि नियमअनुसार पेस गर्नू ।"

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पार्टी विभाजन गरेर नयाँ पार्टी गठन गरेको उल्लेख गर्दै नेपालसहित १४ जना सांसदविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो । मुद्दाको पक्ष र विपक्ष दुवै तर्फबाट लिखित जवाफ पेस भइसकेको छ ।

# भारतीय नागरिक पक्राउ

इनरुवा, ३० फागुन (रासस) ।

सुनसरीमा मानव तस्करीको अरोपमा प्रहरीले एक भारतीय नागरिकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा भारत, विहार राज्यस्थित सुपौलका ३२ वर्षीय मोहम्मद फिरोज रहेका छन् ।

प्रहरी नायब उपरीक्षक नरेन्द्रकुमार कार्कीका अनुसार काठमाडौँको शङ्खरापुर नगरपालिकाकी २० वर्षीया युवतीलाई ललाइफकाई भारत लैजाने क्रममा फिरोजलाई पक्राउ गरिएको हो । सीमा प्रहरीचौकी भन्टाबारीको प्रहरी टोलीले उनलाई कोसी गाउँपालिका-८ स्थित नेपाल र भारत सीमाबाट पक्राउ गरेको हो ।

फिरोज काठमाडौँमा घर बनाउने काममा संलग्न थिए । फिरोजले पीडितलाई विवाहको प्रलोभनमा पारेर भारत लैजान लागेको प्रहरी अनुसन्धानका क्रमा खुलेको छ । घटनाबारे प्रहरीले थप अनुसन्धान थालेको छ ।

फागु पर्व सभ्य रुपमा मनाऔं ।

- आपसी सहमतिमा उल्लासपूर्वक फागुपर्व मनाऔं,
- जबरजस्ती लोला हान्ने, पानी छ्याप्ने तथा रङ्ग दल्ने काम नगरौं,
- सामाजिक तथा साँस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं,
- हानिकारक र रसायनयुक्त रङ्गको प्रयोग नगरौं,
- मदिरा तथा लागु पदार्थको सेवन नगरौं,
- गैरकानूनी र उच्छृङ्खल व्यवहार नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*